# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४४ ) काठमाडौं, असार २७ गते २०५१ साल (संख्या १३


## भाग ३

श्री ५ को सरकार

### वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

**वन अनुसन्धान तथा सर्भेक्षण विकास समिति (गठन) आदेश, २०५१**

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "वन अनुसन्धान तथा सर्भेक्षण विकास समिति (गठन) आदेश, २०५१ रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२ परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा "समिति" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको समिति सम्झनु पर्छ ।

३ वन अनुसन्धान तथा सर्भेक्षण विकास समितिको गठनः (१) वन अनुसन्धान तथा सर्भेक्षण विकास समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका अध्यक्ष तथा सदस्यह रहने छन्:–

(क) सचिव, वन तथा भू–संरक्षण मन्त्रालय –अध्यक्ष

(ख) महानिर्देशक, वन विभाग –सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) महानिर्देशक, वनस्पति विभाग —सदस्य

(घ) महानिर्देशक, भू–संरक्षण विभाग —सदस्य

(ङ) महानिर्देशक, राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग —सदस्य

(च) प्रतिनिधि, अर्थ मन्त्रालय —सदस्य

(छ) प्रतिनिधि, कृषि मन्त्रालय वा अन्तर्गतको विभाग —सदस्य

(ज) प्रतिनिधि, आयुर्वेद विभाग —सदस्य

(झ) कार्यकारी निर्देशक, वन अनुसन्धान तथा सर्भेक्षण केन्द्र—सदस्य-सचिव

(३) श्री ५ को सरकारले आवश्यक देखेमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी समितिका सदस्यहरूमा थपघट वा हेरफेर गर्न सक्नेछ ।

(४) समितिले आवश्यक देखेमा स्वदेशी तथा विदेशी विशेषज्ञ वा सल्लाहकारलाई समितिको बैठकमा पर्यवेक्षकको रूपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको अधिकारः (१) वन क्षेत्रसंग सम्बन्धित विषयमा अनुसन्धान तथा सर्भेक्षण सम्बन्धी कार्य गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) मा उल्लेखित कर्तव्य पूरा गर्नको लागि समितिले देहायको विषयमा आवश्यकतानुसार अन्य सरकारी अनुसन्धान निकायसंग समन्वय गरी अनुसन्धान तथा सर्भेक्षण कार्यहरू गर्न सक्नेछः–

(क) वृक्षरोपण प्रविधि तथा व्यवस्थापन ।

(ख) प्राकृतिक वन व्यवस्थापन ।

(ग) वन-कृषि तथा डालेघाँस सम्बन्धी नयाँ प्रविधिको विकास ।

(घ) बीउ तथा वृक्ष सुधार ।

(ङ) मुख्य वन पैदावारको सदुपयोग ।

(च) रोग तथा कीट नियन्त्रण ।

(छ) माटो सर्भेक्षण तथा विश्लेषण ।

(ज) दूर सम्वेदन तथा हवाई चित्र विश्लेषण ।

(झ) वन क्षेत्र तथा वन पैदावारको स्थिति ।

(३) समितिले उप-दफा (१) मा लेखिएदेखि बाहेक वन विकासको लागि आवश्यक पर्ने अन्य अनुसन्धान तथा सर्भेक्षण कार्य गर्नेछ ।

(४) समितिले श्री ५ को सरकारबाट वन विकास सम्बन्धमा समय-समयमा प्राप्त निर्देशन अनुरूप कार्य गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उपदफा (१) मा उल्लेखित कर्तव्य पालनको लागि समितिले श्री ५ को सरकार मार्फत अन्तर्राष्ट्रिय संघ संस्थाहरूसंग सम्पर्क राख्न सक्नेछ ।

५. उपसमिति गठन गर्न सक्ने: (१) समितिले आफ्नो कार्य संचालनमा सघाउ पुऱ्याउन आवश्यकतानुसार उपसमितिहरू गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमितिको काम, कर्तव्य, अधिकार तथा बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

६. समितिको बैठक र निर्णय: (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिको बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ ।

(५) समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयात्मक मत दिनेछ ।

(६) समितिको निर्णय समितिको सदस्य सचिवद्वारा प्रमाणित गरिनेछ ।

(७) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

७. समितिको कोष: (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) समितिको कोषमा देहाय बमोजिमका रकमहरू रहने छन् –

(क) श्री ५ को सरकारबाट प्राप्त रकम ।

(ख) स्वदेशी संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम ।

(ग) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम ।

(घ) अनुसन्धान कार्य वा परामर्श सेवा वापत प्राप्त रकम ।

(ङ) अन्य श्रोतबाट प्राप्त रकम ।

(३) विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट रकम प्राप्त गर्दा श्री ५ को सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ ।



202

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको कार्य संचालनको लागि आवश्यक पर्ने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(५) समितिको कोषको संचालन समितिले बनाएको नियम बमोजिम हुनेछ ।

८. लेखा र लेखा परीक्षण : (१) समितिको आय-व्ययको लेखा श्री ५ को सरकारले अपनाएको तरिका बमोजिम राखिने छ ।

(२) समितिको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) श्री ५ को सरकारले चाहेमा समितिको हिसाब किताब जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

९. कार्यकारी निर्देशक: वन अनुसन्धान तथा सर्वेक्षण केन्द्रको मुख्य प्रशासकीय अधिकृतको रूपमा कार्य गर्न श्री ५ को सरकारले एकजना कार्यकारी निर्देशकको नियुक्ति गर्न सक्नेछ र त्यसरी नियुक्त हुने कार्यकारी निर्देशकको काम, कर्तव्य, अधिकार तथा सेवाका शर्त र सुविधा श्री ५ को सरकारले तोके बमोजिम हुनेछ ।

१०. कर्मचारी सम्बन्धी व्यवस्था: (१) समितिको दरबन्दीमा नियुक्त भएका कर्मचारीहरूले समितिको निर्देशनमा रही काम गर्नेछन् र निजहरूले समितिबाट तलब भत्ता र अन्य सुविधा पाउनेछन् ।

(२) समितिका कर्मचारीहरूको नियुक्ति, सेवाका शर्त, बढुवा, विभागीय कारवाही तथा सजाय सम्बन्धी व्यवस्था समितिले बनाएको नियममा निर्धारण गरिए बमोजिम हुनेछ ।

(३) समितिको दरबन्दीमा काजमा रहेका श्री ५ को सरकारको कर्मचारीको सरुवा, बढुवा, तलब भत्ता तथा अन्य सुविधा र विभागीय कारवाही तथा सजायका सम्बन्धमा निजामती सेवा सम्बन्धी प्रचलित कानून नै लागू हुनेछ ।

११. अधिकार प्रत्यायोजन. समितिले आफूलाई प्राप्त अधिकारमध्ये केही अधिकार समितिको कुनै सदस्य, सदस्य-सचिव वा उपसमिति वा समितिको कुनै अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१२. नियम बनाउने अधिकार: समितिले आफ्नो कार्य संचालनको लागि श्री ५ को सरकारको स्वीकृति लिई आवश्यक नियमहरू बनाउन सक्नेछ ।



२०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१३. श्री ५ को सरकारसंग सम्पर्कः समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा वन तथा भू-संरक्षण मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय (१) समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकतानुसार अन्यत्र शाखा कार्यालयहरू खोल्न सक्नेछ ।

(२) समितिको कार्यालयको नाम "वन अनुसन्धान तथा सर्भेक्षण केन्द्र" रहनेछ ।

आज्ञाले,
दीपेन्द्रपुरुष ढकाल
श्री ५ को सरकारको सचिव

श्री ५ को सरकार

## कृषि मन्त्रालयको

### सूचना १

श्री ५ को सरकारले जीवनाशक विषादि ऐन, २०४८ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी मिति २०५१।४।१ देखि यस मन्त्रालय अन्तर्गत विषादि पंजीकरण कार्यालय स्थापना गरेको छ ।

### सूचना २

श्री ५ को सरकारले जीवनाशक विषादि ऐन, २०४८ को दफा ३ बमोजिम गठित विषादि समितिको सदस्य-सचिवमा सोही दफाको उपदफा (२) को खण्ड (झ) बमोजिम कृषि विकास विभाग, बाली संरक्षण तथा व्यावसायिक किट विकास महाशाखाको प्रमुखलाई तोकेको छ ।

आज्ञाले,
विन्देश्वरीप्रसाद सिन्हा
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## महालेखा परीक्षकको विभागको सूचना

लेखापरीक्षण सेवाका राजपत्रांकित तृतीय श्रेणीका लेखापरीक्षण अधिकारी श्री सुधिरप्रसाद पुरीको सेवा अवधि महालेखा परीक्षकको विभागका कर्मचारीहरू सम्बन्धी नियमावली, २०५० को नियम ६२ को उपनियम (१) अनुसार मिति २०५१।२।२२ मा ३० वर्ष पूरा भएकाले सोही नियमावलीको नियम ६२ को उपनियम (२) ले दिएको अधिकार प्रयोग गरी महालेखा परीक्षकले निजको सेवा अवधि २०५१।२।२३ देखि दुई वर्ष थप गरेको छ ।

आज्ञाले,
नगेन्द्रबहादुर राजवंश
का मु. उप-महालेखा परीक्षक



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

२०८

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।